# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन १ गते २०५९ साल (अतिरिक्ताङ्क ३३ (ख)


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू–संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले खण्ड ५१, पूर्वातिरिक्ताङ्क ६४ (ग), मिति २०५८।१०।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको प्रकरण २ को सट्टा देहायको प्रकरण २ राखेको छ।

"२. समितिको काम र कर्तव्यः– समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ।

(क) कैफियत लगतमा परेका १६९ जनाको जग्गा आरक्ष विस्तारमा परेको हो, होइन र होइन भने तिनीहरू उक्त क्षेत्रमा कसरी बसोबास गर्न आइपुगे छानबिन गर्ने,

(ख) कैफियत लगतमा परेकाहरूको कैफियतको कारण छानबिन गर्दा आरक्ष विस्तार गर्दा आरक्षमा जग्गा परेको ठहर भएकालाई औचित्य हेरी अन्यलाई सरह जग्गा सट्टा भर्ना दिने,

(ग) कैफियत लगतमा परेका तर आफ्नो जग्गा आरक्ष क्षेत्रमा नपरेका र आरक्ष क्षेत्रभित्र बसेका अन्य अतिक्रमणकारीको पनि नेपाल अधिराज्य भित्र अन्यत्र जग्गा जमीन छ, छैन पत्ता लगाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पूर्व आयोगको रजिष्टरको कैफियत लगतमा उल्लेखित १६९ मध्ये १८ जनाले जग्गा प्राप्त गरेको प्रमाण र आधार छानविन गर्ने र बाँकी १५१ जना सोही १८ जनाकै हैसियतका हुन् हैनन् छानविन गर्ने,

(ङ) आरक्ष क्षेत्रमा अतिक्रमण गरी बसेका र सट्टा भर्ना दिन नमिल्ने नेपाल अधिराज्यभरि जग्गा जमिन नभएका अतिक्रमणकारीलाई बसोबासको व्यवस्था मिलाउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा सिफारिश पठाउने,

(च) सट्टा भर्ना दिन श्री ५ को सरकारले उपलब्ध गराएको जग्गामध्ये सट्टा भर्ना दिई बाँकी रहेका खुद जग्गाको नाप नक्सा तयार गर्ने ।"

## सूचना २

श्री ५ को सरकारले खण्ड ५१, पूर्वातिरिक्ताङ्क ६४(ग), मिति २०५८।१०।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष जग्गा समस्या समाधान समितिको म्याद मिति २०५९।४।१ देखि ६ महीनाको लागि थप गरेको छ ।

आज्ञाले,
मधुप्रसाद रेग्मी
उप सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८४